# नेपाल राजपत्र

## भाग १

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २९ ] काठमाडौं, फागुन १२ गते २०३६ साल [ अतिरिक्ताङ्क ५९ (ग)

# शाही सन्देश

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबार

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट श्रीलंकाको राजकीय भ्रमण र सिंगापुर, बर्मा, बंगलादेशको अनौपचारिक तथा भारतको केही दिनको औपचारिक भ्रमण गरिबक्सने सिलसिलामा कोलम्बोतर्फ सवारी होइबक्सनु अगाडि २०३६ साल फागुन १२ गते देशवासीको नाममा बक्सेको सन्देश ।

प्यारा देशवासीहरू,

१. मित्रराष्ट्र श्रीलंकाका महामहिम राष्ट्रपति श्री जे. आर. जयबर्द्धनको मैत्रीपूर्ण निमन्त्रणामा श्रीलंकाको चारदिने राजकीय भ्रमण तथा त्यस छिमेकी मित्रराष्ट्रहरू सिंगापुर, बर्मा, बंगलादेशको अनौपचारिक तथा भारतको केही दिनको औपचारिक भ्रमण गर्ने सिलसिलामा आज हामी हाम्रा बडामहारानीका साथ देशबाहिर जाँदैछौं।

२. श्रीलंका एशिया महाद्वीपको दक्षिणमा पर्ने ती असंलग्न देशहरूमध्ये एक हो। जुनसंग नेपालको घनिष्ट मैत्री सम्बन्ध रहिआएको छ। हाम्रो वर्तमान राजकीय भ्रमणको फलस्वरूप

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

226

यी सम्बन्धहरू अझ सुदृढ हुनेछन् भन्ने हामीले आशा राखेका छौं । यस पटकको भ्रमणको सिलसिलामा पनि छिमेकी देशहरूका मित्रजनहरूका साथ हुने विचारको आदान-प्रदानद्वारा क्षेत्रीय एवं अन्तर्राष्ट्रिय समस्याहरूबारे आपसी समझदारी बढ्ने नै छ भन्ने हामीले आशा राखेका छौं । पारस्परिक समझदारी र सहयोगको भावना कायम राख्न सकेमा मात्र हामीले यस भेगमा शान्ति कायम राख्दै हाम्रो मुलुकको विकास अभियानलाईसमेत टेवा दिंदै जान सक्नेछौं । यस उद्देश्य अनुरूप हाम्रो भ्रमणलाई सफल पार्न हामीले सक्दो प्रयास गर्ने नै छौं ।

३. हाम्रो अनुपस्थितिमा हामीबाट गरिबक्सने कार्यको लागि हाम्रा भाइ श्री ५ अधिराजकुमार ज्ञानेन्द्र वीर विक्रम शाहको अध्यक्षतामा एक राजप्रतिनिधि परिषद् गठन गरिबक्सेका छौं । मुलुकको दैनिक काम मन्त्रिपरिषद्ले गर्ने नै छ । आशा छ सधैं झैं समस्त देशवासीहरूले नेपाल र नेपालीको हितलाई सोची देशमा शान्ति र सुव्यवस्था कायम राख्नमा आ-आफ्ना क्षेत्रबाट सहयोग गर्नेछन् ।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरुन् ।

जय नेपाल !

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका सचिव

मुद्रण विभाग, सिंहदरबार

५३८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।